In Public Domain. Digitization by eGangotri.Funding:

३२२

# ाशिष्ठ विज्ञान

प्रथम भाग।

न्त
२

26
.S.
२५.

★

ब्रह्मनिष्ठ
डा० चितीश चन्द्र चक्रवर्ती

अद्वैत संस्था, नेपाल।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

३५५

# वाशिष्ठ विज्ञान

वेदान्त



वेदान्त

Acc. No. ८६२३

श्रौत्रिय ब्रह्मनिष्ठ
—डा० क्षितीशचन्द्र चक्रवर्ती

l Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

★ प्रकाशिका :
**श्रीमती लक्ष्मीदेवी**
लुम्बिनी अञ्चल कार्यालय,
**अद्वैत संस्था, नेपाल ।**

★ सर्वाधिकार :
अद्वैत संस्था नेपालमा सुरक्षित

★ प्रथम प्रकाशन :
१००० प्रति
**मकर सङ्क्रान्ति : २०३०**

★ मूल्य : ३।-

★ मुद्रक :
भारती प्रेस, नारायणगढ़ चितवन ( नेपाल ) ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding.

# कृतज्ञता ज्ञापन

प्रस्तुत ग्रन्थका प्रकाशिका श्रीमती लक्ष्मी देवीलाई हामी संस्था प्रारंभ हुनु भन्दा पहिले देखि नै लक्ष्मी वज्र्यैको नामबाट चिन्दछौं । जीवनको दीर्घकाल सम्म परम पवित्र कुरुक्षेत्रमा अवस्थित परमात्मा हृषिकेशको सान्निध्यता एवं परम सज्जन पं० श्री ज्ञानेश्वर ज्ञवालीबाट नित्यनिरन्तर सत्संग लाभ गर्दै आउनु भएकी हाम्री लक्ष्मी वज्र्यैले मुमुक्षुहरूको हितको कामना राखी यो वाशिष्ठ विज्ञानलाई प्रकाशित गर्नु भएको छ र साथै परम उदारता पूर्वक सम्पूर्ण किताप र पुनर्मुद्रणाधिकार समेत अद्वैत संस्थालाई समर्पण गर्नु भएको छ । यस उदारताको लागि संस्था धन्यवाद ज्ञापन गर्दछ ।

वाशिष्ठ जस्तो गहन शास्त्रलाई सरल नेपाली भाषामा लेखाई पुनः यसलाई प्रकाशित गर्ने अनुमति दिनुभएकोमा हामी समस्त नेपाली मुमुक्षुहरू प्रातःस्मरणीय गुरुदेवमा स-भक्ति वन्दना पूर्वक कृतज्ञता ज्ञापन गर्दछौं ।

—विनीत :

गंगाराम श्रेष्ठ

उपसभापति

अद्वैत संस्था, [नेपाल]

मकर सङ्क्रान्ति

२०३०, नारायणगढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

# विषय सूचि


| | | |
|---|---|---|
| १. | एकरस चैतन्यको ज्ञान | — १ |
| २. | सुषुप्तिमा आत्म दर्शन | — ६ |
| ३. | चैतन्यको अनुभव | — १२ |
| ४. | सुषुप्तिलाई देख्नु | — १६ |
| ५. | आत्मालाई जान्नु | — २१ |
| ६. | मनबाट सारा कल्पनाको त्याग | — २३ |
| ७ | ईच्छा हो आत्मपद प्राप्तिमा प्रतिबन्ध | — २५ |
| ८. | अविद्यालङ्घनको उपाय | — २७ |
| ९. | भेदको अभाव हो मुक्तिको हेतु | — २९ |
| १०. | सुख र आनन्द | — ३१ |
| ११. | विषय सुखको अनुभवको निरुपण | — ३३ |
| १२. | निद्रा सुख | — ३४ |
| १३. | तूष्णीं सुख | — ३५ |
| १४. | समाधि सुख ( सात्विक सुख ) | — ३६ |
| १५. | आत्मसुख | — ३८ |


al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

# एकरस चैतन्यको ज्ञान

यो वासिष्ठ विज्ञानको प्रतिपाद्य विषय हो निराभास निर्विषय चैतन्य वस्तु जो सबैबाट अनुभूत भैराखेको हुनाले एकमात्र स्वतः सिद्ध र प्रसिद्ध वस्तु हो ।

यसको प्रसिद्धिको कारण यो हो कि यो हर हालतमा स्वतः सबैको अनुभवमा आइरहेको छ । कुनै प्रकारको व्यवहार सिद्ध हुनुको पैले यो चैतन्य निराभासरूपले अनुभूत हुन्छ । जस्तो कसैबाट कुनै दृश्य पदार्थको ज्ञान हुनु भन्दा पहिले यो चैतन्य अनुभूत भै राख्छ । यसरी कुनै प्रकारको चेष्टा किम्वा व्यवहार हुनुको पैले यो चैतन्य अवश्य प्रकाशित रहन्छ र जब कुनै पदार्थको दर्शन हुन्छ तब पनि पदार्थ दर्शनको प्रकाशक रुपले यो चैतन्य प्रकाशित रहन्छ र पदार्थ दर्शन समाप्त भएपछि पनि यो चैतन्य एकरसरूपले स्वयं प्रकाशित रहन्छ ।



epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

यसरी एक विषयवाट अरु विषय प्राप्ति हुनु भन्दा पहिले जस्तो यो चैतन्य प्रकाशित रहन्छ त्यस्तै घट विषयवाट पट विषयलाई प्राप्त हुनुको विचमा यो चैतन्य साभास दुइ प्रकारको चित्तवृत्ति रहित ( निर्विषय ) भएर प्राकाशित रहन्छ । यसरी चैतन्य कहिले निराभास भएर कहिले साभास रुपले र कहिले निर्विषय रुपले प्रकाशित रहन्छ ।

जब इन्द्रिय सन्निकर्षवाट चित्त घटाकारमा आकारित हुन्छ तब "यो घट हो" भनी जब घटको प्रत्यक्ष हुन्छ तब चित्तवृत्तिमा प्रतिफलित चैतन्य साभास चैतन्य रुपले अनुभूत हुन्छ । जब चित्त घटाकार किम्वा पटाकार कुनै प्रकार वृत्तिस्थित युक्त हुंदैन तब चैतन्य निर्विषय रुपले प्रकाशित रहन्छ ।

निर्विषय चैतन्य कसरी प्रकाशित हुन्छ ? उत्तर यो हो कि चैतन्य स्वयं प्रकाश भएको हुनाले केवल आफूलाई प्रकाशित गरेर स्थित हुन्छ । यो हो निर्विशेष चैतन्यको स्वतः सिद्ध प्रकाश । जो निराभास चैतन्य सवभन्दा पहिले विद्यमान थियो त्यो चैतन्य नै घटादि विषय संपर्कयुक्त भैकन साभास चैतन्यरूपले सिद्ध हुन्छ । यसरी चैतन्य एकरस भैकन कहिले निराभास चैतन्य,



bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

*कहिले साभास चैतन्य, कहिले निर्विषय चैतन्य* नामले कथित हुन्छ । उपाधि भेदले चैतन्य यसरी तीन प्रकार देखिन्छ तापनि वास्तवमा चैतन्य हो एकरस वस्तु । आभास राहित्य, आभास साहित्य, सविषय किम्वा निर्विषय चैतन्य वास्तवमा हो एक सर्वात्मक, सर्व प्रकाशक, केवल प्रकाश-रूप, स्वयं प्रकाश वस्तु ।

यसरी चैतन्यलाई निराभास, साभास, सविषय, निर्विषय भनी सामान्य रुपले प्रदर्शन गरिकन अहिले चैतन्यलाई जगत् को अधिष्ठानरूपले कहिन्छ । आशय यो हो कि सामान्य चैतन्य नै जगतको अधिष्ठान चैतन्य रूप हो । यो दृश्यमान विराट जगत् वास्तवमा परमार्थ सत्य वस्तु हैन, किन्तु केवल अज्ञानद्वारा चैतन्य स्वरुपमा कल्पित हो । कल्पित जगत्को पृथक् सत्ता र स्फूर्ति हुन सक्दैन । पहिले चैतन्य प्रकाशित हुन्छ र त्यसपछि चैतन्य स्वरुपमा कल्पित भैकन— चित् प्रकाशमा अन्तर्भूत भैकन— जगत् प्रकाशित हुन्छ र चित् प्रकाशबाट प्राप्त गरेको प्रकाशले प्रकाशित भैकन जगत् सांचो भनी प्रतीत भै राखेको छ । जगत्को साँचोपन हो चित् प्रकाशको अन्तःपाति जगत् प्रकाशको अधीन । चैतन्यको प्रकाशबाट पहिले जगत् प्रकाशित भएर मात्र जगत् सत्य



epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

भनि प्रतीत भैराख्छ । यसरी सम्पूर्ण कल्पित जगत्को जो अधिष्ठान हो— जस्तो अज्ञात रज्जु सर्पको अधिष्ठान हुन्छ— त्यो चैतन्य निराभास निर्विषय चैतन्य देखि भिन्न वस्तु हैन । एक अद्वितीय एकरस चित् वस्तु नै भिन्न भिन्न उपाधिको साभास, निराभास, सविषय, निर्विषय चैतन्य र जगत्को अधिष्ठान चैतन्य भनी शास्त्रमा कहिएको छ ।

सामान्य चैतन्यको कथन विशेष चैतन्यको उपलब्धिको लागि हुन्छ । यो जो विशाल जगत् प्रतीत भै राखेकोछ त्यो जगत् हो कल्पित वस्तु, त्यसकारण त्यो हो केवल चैतन्यरूप । यो जो चैतन्य वस्तु हो त्यो एकरस भएको हुनाले त्यो हो चैतन्य ( सम्पूर्ण जगत्को अधिष्ठान ) यो जगदधिष्ठान चैतन्य हो अत्यन्त प्रसिद्ध, स्वतः र सर्वदा अनुभूयमान निराभास र निर्विषय चैतन्य मात्र । निराभास निर्विषय चैतन्यको अनुभव कसरी हुन्छ ? चैतन्य अनुभव स्वरूप भएको हुनाले त्यसको अनुभव अनुभव स्वरूपबाट नै हुन्छ । अनुभव स्वरूपलाई अनुभव गर्नको लागि अनुभव स्वरूप देखि पृथक् कुनै साधनको आवश्यक हुंदैन । ठीक जस्तो कुनै प्रदीपलाई देख्नको लागि अरु प्रदीपको प्रयोजन हुंदैन ।



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

चतन्य स्वयं प्रकाश भएको हुनाले चैतन्यलाई प्रकाशित गर्नको लागि अरु प्रकाशको आवश्यक हुंदैन । चित् स्वरुप आत्मा हो स्वयं प्रकाशमान र उसमा कल्पित जगत् प्रपञ्चको पनि प्रकाशक (अधिष्ठान) ।

यदि चैतन्य अनुभवरूप भएको हुनाले स्वयं प्रकाशमान वस्तु हो तव शास्त्रमा कहिएको ब्रह्मज्ञानको आवश्यकता के हो ? आवश्यकता यो हो कि अज्ञानी मनुष्य चिदात्म स्वरुपलाई स्वयं प्रकाशमान वस्तु हो भनी जान्दैन त्यसकारण त्यसलाई स्वयं प्रकाशमान स्वतः सिद्ध चिदात्म स्वरुपको वारेमा जानकारी दिनु पर्छ । जव मुमुक्षु पुरुषले आफ्नो वास्तव ब्रह्मस्वरुपलाई स्वतः सिद्ध स्वयं प्रकाशमान एकरस अद्वितीय वस्तु भनी सुन्दछ ( जान्दछ, अनुभव गर्दछ ) तव यसैको नाम हो ब्रह्मज्ञान । यसरी ब्रह्मज्ञान पनि सफल हुन्छ ।

Acc.NO.-८६२३



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

# सुषुप्तिमा आत्म दर्शन

वास्तवमा आत्मा हो परमानन्दरूप; आत्माको नित्यता, किम्वा चित् स्वरूपता हो आत्माको सामान्य लक्षण मात्र । त्यसकारण आत्मा हो केवल अखण्डानन्द वस्तु जो स्वतः र सर्वदा प्रकाशमान छ । त्यसकारण आत्मा नित्य वस्तु पनि हो । त्यसो भएको हुनाले आत्माको दर्शन तब हुन्छ जब परमानन्दको अनुभव बन्दछ ।

आत्मदर्शन हो निरतिशय आनन्दको सम्यक् अनुभव । त्यो अनुभव केवल सुषुप्तिमा मात्र संभव हुन्छ त्यसको प्रकार अहिले देखाइन्छ :-

जाग्रत अवस्थामा चित्तवृत्ति ज्यादा चञ्चल भैराखेको हुनाले आत्माको दर्शन बिलकुलै संभव छैन- आनन्द स्वरुप आत्माको अनुभव त परै रहोस् । यसको कारण यो हो कि जाग्रत अवस्थामा इन्द्रियहरु निरन्तर



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

आफ्नो आफ्नो विषय ग्रहण गरिराख्दछन् र मन निरन्तर तत् तत् विषयको आकारमा आकारित भैरहन्छ र त्यसकारण चित्तको विक्षेप बाहुल्य वशात् चित्तमा आत्मस्वरुप प्रतिबिम्बित हुन पाउँदैन । विक्षेपयुक्त चित्तद्वारा आत्मा निरन्तर आवृत भैराखेकोले आत्माको प्रकाश र आत्माको नित्यता पनि अनुभवमा आउन सक्तैन संक्षेपले भने जाग्रत् अवस्था हो आत्मदर्शनको ठूलो प्रतिबन्ध मात्र ।

स्वप्न अवस्थामा यद्यपि चित्त अस्थिर हुन्छ, किनकि स्वप्न अवस्थामा चित्त वासनामय पदार्थ देखि भिन्न कुनै वस्तुरूपले स्थित नभएकोले स्वप्न अवस्थामा चञ्चलताको अभाव पाइन्छ तापनि त्यहाँ सम्पूर्ण वासनामय प्रपञ्च विद्यमान भएको हुनाले त्यो भिन्न भिन्न पदार्थको दर्शनले गर्दा आत्मस्वरुप प्रकाशमान भैराखे तापनि प्रकाशरूप आत्माको सम्यक् परिज्ञान हुन सक्तैन ।

किन्तु जहाँ स्वप्न रहँदैन, किम्वा कुनै पदार्थको इच्छा पनि रहँदैन यस्तो जो निद्राकाल हो त्यसलाई सुषुप्ति भनेको छ जब सुषुप्ति अवस्था प्राप्त हुन्छ त्यो सुषुप्ति स्थितिमा सुषुप्ति भन्ने कल्पनाको पनि अवसर नभएको हुनाले सुषुप्तिमा आत्मादेखि व्यतिरिक्त अरु कुनै द्वैत पदार्थको सत्भावको संभावना हुंदैन । तिमी पनि



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

यसरी जब सुषुप्तिमा पुगिहाल्छौ तब :—

(१) केवल परमानन्द स्वयं प्रकाशमान आत्मवस्तुको मात्र ( आत्मादेखि अभिन्न बुद्धिको सहारालें ) अनुभव गरिराख्छौ ।

(२) आत्मा देखि व्यतिरिक्त कुनै पदार्थको सत्भाव किम्वा अभाव त्यहाँ विद्यमान रहन सक्तैन ।

(३) त्यसकारण त्यहाँ सुखभोग किम्वा पदार्थको अभाव दर्शन आदि ( आत्म व्यतिरिक्त कुराहरू ) संभव हुंदैन; त्यसकारण केवल स्वरुपानन्दको स्वतः सिद्ध निःसंदिग्ध अनुभव बनिराख्छ ।

यसरी हेर कि सुषुप्तिकालमा तिमी आत्मस्वरुपको अनुभव बाहेक अरु के कुराको अनुभव गरिराख्न सक्छौ ? अर्थात् केवल आत्माको स्वतः सिद्ध र स्वयं प्रकाशमान अनुभव बनिराखेको हुन्छ ।

प्रश्न— किन्तु त्यो आत्म स्वरुपको जो अनुभव हुन्छ त्यो त बुद्धि पूर्वक नभएको हुनाले आत्माको सम्यक अनुभव भनी सिद्ध हुन सक्दैन ।

उत्तर— सुषुप्ति कालमा जो आत्मस्वरुपको स्वतः सिद्ध र जो बुद्धि पूर्वक अनुभव भै राख्छ त्यसमा



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

अज्ञातता ( जो चित्तको बुद्धिरूप मात्र हो त्यो ) संभव छैन, त्यसकारण सुषुप्तिकालमा आत्मस्वरूपको सम्यक् अनुभव प्राप्त हुन्छ । त्यति मात्र हैन किन्तु त्यो अनुभव हो निःसंदिग्ध, किनकि कसैले पनि सुषुप्ति कालमा आत्म स्वरूपको अभाव अनुभव गरेको देखिंदैन ।

प्रश्न— कसरी ?

उत्तर— किनकि सबैले सुषुप्ति कालमा आफ्नो विद्यमानताताई अनुभव गरिराछ्न र त्यसकारण जाग्रदादि अवस्थामा त्यो अनुभवलाई स्मरण गर्न सक्छ । यदि आत्मस्वरूपको सम्यक् अनुभव भएको थिएन ( अर्थात् आत्मस्वरूपको सम्यक् अनुभव सौषुप्त पुरूषले गरेको थिएन ) भने सुषुप्तिकालमा अनुभूत आफ्नो स्थितिको बारेमा जाग्रतमा निःसंदिग्ध रुपले स्मरण गर्नु संभव हुने थिएन ।

प्रश्न— सुषुप्तिमा जुन आत्मस्वरूपको अनुभव सौषुप्त पुरूषले गर्दछ त्यसको स्वरुप के हो ?

उत्तर— त्यसको स्वरूप म ( अहंकार ) शब्दद्वारा भनिन्छ; "म (अहंकार) सुषुप्तिकालमा अवश्य पूर्णरूपले अखण्ड आनन्द स्वरूपले विद्यमान थिएँ" यसरी सबैको



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

सुषुप्तिकालमा अनुभव गर्छ र जाग्रत् कालमा अनुभवलाई स्मरण गर्छ ।

प्रश्न— सुषुप्तिमा त अहंकार रहन सक्तैन ?

उत्तर— सुषुप्तिमा अहंकार रहन्छ, किनकि अहंकारको अर्थ हो निरतिशय आनन्दरूप आत्मा । आत्मा व्यतिरिक्त कुनै वस्तुको कहिले पनि अलिकति पनि सद्भाव वेदान्त शास्त्रमा बताइएको छैन, यसमा प्रमाण हो— "अहं ब्रह्मास्मि" महावाक्य । विशेष गरेर सुषुप्तिकालमा जो सत्ता स्पष्टरूपले भासमान रहन्छ र जसको स्वरूप हो निरतिशय आनन्दरूप- केवल यस्तो आत्मस्वरुप ( अरु कुनै चिज हैन ) सुषुप्ति कालमा विद्यमान रहन्छ ।

प्रश्न— यसमा प्रमाण के हो ?

उत्तर— यसमा प्रमाण हो बृहदारण्यकादि श्रुति-याज्ञवल्क्य जनकलाई बताउनु हुन्छ कि- यो सुषुप्ति कालिन आनन्दको अनुभव हो शुद्ध आत्मस्वरुपको अनुभव मात्र । त्यतिमात्र हैन किन्तु आनन्द स्वरूपको अनुभव हुन्छ केवल सुषुप्ति कालमा । त्यसकारण यदि कसैलाई सुषुप्ति प्राप्त हुँदैन ( अर्थात् आफ्नो वास्तव परमानन्द स्वरूपको अनुभव हुंदैन ) तब त्यो मानिस बाँचिरहन सक्तैन । त्यसैले बुझिन्छ कि सुषुप्तिकालमा ( आनन्दरूप आत्मा



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

( अरू द्वत पदार्थ हैन ) सुस्पष्ट रूपले प्रकाशमान रहन्छ ।

प्रश्न— यहाँबाट के सिद्ध भयो ?

उत्तर— यहाँबाट सिद्ध भयो कि आत्मस्वरूपको वास्तव लक्षण अखण्ड आनन्दरूपता हो त्यसको अनुभव केवल सुषुप्तिमा प्राप्त हुन सक्छ । ख्याल राख्नु पर्छ कि तथाकथित सुषुप्ति कालिन सुख भोग र पदार्थको अदर्शन सुषुप्ति कालिन अनुभव हैन, किन्तु जाग्रत् कालिन विमर्श मात्र हो ।

Acc. NO. - ६६२३



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

# चैतन्यको अनुभव

एक अद्वितीय परमार्थ सत्य सत् चित् सुख स्वरुप परमात्मा सर्वव्यापक भएको हुनाले सर्वत्र अवस्थित छ। किनकि यदि सर्वत्र अवस्थित भएन भने त्यो परमात्मा हुन सक्ने थिएन। त्यसकारण परमात्मा सर्वव्यापक भएको हुनाले जस्तो शरीर भित्र अवस्थित छ। मुख्य रूपले यद्यपि परमात्मा सबैको हृदयमा अवस्थित छ, किनकि परमात्मा सर्व व्यापक भएको हुनाले जम्तो वाहिर जगत् पदार्थमा व्याप्त छ त्यस्तै अहंकार आदि वृत्तिलाई पनि व्याप्त गरेर अवस्थित छ, तापनि शरीरको वाहिर पनि अवस्थित छ; किनकि शरीरको वाहिर पनि जगत् पदार्थ छ जसको सार हो परमात्मा।

शरीरको अपेक्षाले परमात्मा मुख्य रूपले हृदयमा (चित्तमा) प्रकाशित छ भनी मानिएको छ। "मुख्य



oal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

रूपले अवस्थित छ" यसको आशय यो हो कि परमात्माको सहज अनुभव चित्तवृत्तिको साक्षी रूपले संभव छ । अर्थात् कुनै प्रतिबन्धक विना अनायासले परमात्माको अनुभव केवल सारा चित्तवृत्तिको साक्षी मेरो वास्तव स्वरूपले संभव छ ।

प्रश्न— कसरी ?

उत्तर— परमात्माको अवस्थिति हो मेरो चित्तमा अर्थात् चित्तको सर्वदा उदित भैराखेको वृत्तिहरूमा । जब कुनै चित्त वृत्ति उदित हुन्छ तब त्यो साक्षी चैतन्य सबाट अव्यवधान रूपले प्रकाशित हुन्छ, किनकि जति चित्तवृत्तिहरू हुन् ती सबाट ज्ञात भएर नै उदित हुन्छन् ( सको अर्थ हो साक्षी चैतन्य ) साक्षी चैतन्य त्यो ज्योति स्वरूप वस्तु हो ( त्यो हो मेरो वास्तव स्वरूप भनी अनुभव सिद्ध ) त्यसैमा जब चित्त वृत्ति उठ्छ त्यो अन्तर्भूत भै हाल्छ, जबसम्म चित्त वृत्ति रहीरहन्छ तब-सम्म साक्षी चैतन्यमा अन्तर्भूत भएर स्थित भइहाल्छ र जब हराउँछ तब चित्तवृत्तिको अभावको प्रकाशकरूपले, अवधि रूपले (साक्षी चैतन्य) परिशिष्ट रहन्छ यसरी यो स्पष्ट अनुभवमा आउँछ कि हर हालतमा चित्स्वरुप आत्माको अनुभव



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

( परमात्माको अनुभव ) चित्तवृत्तिको सत्भाव चित्तवृत्तिको अभावको प्रकाशक रुपले वनिरहन्छ । चैतन्य कैले पनि हराउँदैन । त्यो मेरो स्वरूप हर हालतमा स्वयं प्रकाशित छ, किन्तु त्यसको अनुभव संभव हुन्छ चित्तमा प्रतिफलन-वशात् । यदि चित्तमा प्रतिफलन भएन ( वृत्तिको सद्भाव किम्वा अभाव प्रकाशित भएन ) तव परमात्म वस्तुको अनुभव हुन नपाउने ।

प्रश्न— यो स्पष्ट गरेर देखाइदिनुहोस् ।

उत्तर— चित्तमा कुनै वृत्ति उठ्यो; त्यो उठ्ने वित्तिकै त्यो वृत्ति उठ्यो भनी तिमीलाई थाहा हुन्छ । यसको आशय यो हो कि जव अहंकार प्रमुख त्रिपुटी उठ्दछ तव त्यो त्रिपुटी अन्तःपाति जो साभास चित्तको सात्विक हिस्सा हो त्यो तिम्रो आभास स्वरुप भनी तिमीले अनुभव गर्छौं । त्यहाँवाट बुझिन्छ कि यो त्रिपुटी ( "म सुखी छु" ) अवश्य तिम्रो वास्तव स्वरुप साक्षी चैतन्यवाट प्रकाशित छ र त्यसकारण त्यो त्रिपुटीको मुख्य हिस्सा "म" भनी अनुभव भएको हुनाले त्यो हो तिम्रो वास्तव स्वरुप ( परमात्मा ) यसरी तिमी केवल तिम्रो चित्तमा प्रकाशित भै राखेको जो शरीरको भित्र प्रविष्ट परमात्मा हो त्यसैको नै अनुभव हो अर्थात् परमात्मालाई



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

अनुभव गर्ने एकमात्र बाटो हो सारा चित्तवृत्तिको प्रकाशक रूपले ( अर्थात् चित्तवृत्तिको अवभासकरूपले ) यो हो परमात्माको शरीरको भित्र ( चित्तवृत्तिको ) अवभासक रूपले अनुभव । फेरी परमात्मा शरीरको बाहिर पनि अवस्थित हुनुहुन्छ भनी अनुभव हुन्छ ।

प्रश्न— कसरी ? ( अनुभव कसरी बाहिर संभव होला ? )

उत्तर— परमात्मा अनुभव स्वरूप भएको हुनाले त्यसको जो अनुभव हो त्यो शरीरको भित्र सिमित रहँदैन । कारण यो हो कि बुद्धि आदि पनि ( चित्‌रूप भएको हुनाले ) शरीर द्वारा अवच्छिन्न हुंदैन । त्यसो नभए बुद्धिद्वारा (अखण्डाकार बृत्तिद्वारा ) ब्रह्म वस्तुको कसरी अनुभव हुन सक्ला ? शरीरको बाहिर परमात्माको अनुभव ( ज्यादा सूक्ष्म कुरा भएको हुनाले ) अहिले बताइन्छ :-

ब्रह्म चैतन्य किम्वा परमात्मा सर्वत्र र सर्वदा विद्यमान छ । सत्, स्वतः सिद्ध र स्वयंप्रकाश वस्तुमा अरु अनात्म वस्तु आरोपित होस् किम्वा न होस सत् वस्तु निरन्तर भासमान छ । त्यसकारण त्यसको अनुभवको लागि एक वस्तुको ज्ञान समाप्त भए पछि अरु वस्तुको ज्ञानको उदयको पूर्व क्षणमा अनुभव स्वरूपको जो



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

स्वतः सिद्ध अनुभव हुन्छ त्यो हो बाहिरस्थित परमात्मा को अनुभव ! जब घटाकार वृत्ति उत्पन्न हुन्छ तब त्यो वृत्तिमा चैतन्य प्रतिफलित हुन्छ ( प्रतिफलित चैतन्यको साक्षी चैतन्यरूपले अनुभव हुन्छ ) किन्तु जब त्यो वृत्ति तिरोभूत हुन्छ र अरु कुनै चित्तवृत्ति ( साभास पटाकार वृत्ति ) उदित भएको छैन तब त्यो वृत्तिको अनुदयको अवभासक रूपले परमात्मा ( साक्षी चैतन्य) अवश्य विद्यमान छ भनी मान्नु पर्छ यो अनुदयको प्रकाशक को हो ? त्यो प्रकाशक साक्षी चैतन्य हैन ( किनकि कुनै प्रकार चित्तवृत्ति अहिले छैन ) त्यसकारण त्यो हो परमात्म चैतन्य, त्यसको अनुभव कसरी हुन्छ ? त्यो अनुभवको विषय नभए पनि त्यो अपरिज्ञात हैन, किनकि त्यो हो स्वयं प्रकाश । यसरी स्वयं प्रकाश वस्तुको आफूवाट (तिमीवाट) परिज्ञात संभव हुन्छ । यो तिमी शरीर सित टाँसिएको वस्तु हैन, किनकि अहिले शरीरको भान हुन सक्दैन; कारण यो हो कि अहिले कुनै चित्तवृत्ति उदित भएको छैन तापनि अनुभव स्वरूप तिमी स्वयं प्रकाशित भै राखेका छौ ।

यसरी दुइ ज्ञानको बीचमा, दुइ चिन्ताको बीचमा दुइ अवस्थाको बीचमा, प्राण अपानको बिचमा— निर-



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

वच्छिन्न, निर्विषय, निराभास, एक अद्वितीय शुद्ध चैतन्य भित्र बाहिर भेद वर्जित, स्वयं र सर्वदा प्रकाशित भै राखेकोछ। त्यो चैतन्यलाई जान्नको लागि कुनै वृत्तिको आवश्यक छैन। किनकि चैतन्य मन बुद्धिको विषय हैन तापनि त्यो चैतन्य तिम्रो अपरिज्ञात वस्तु भने हैन, त्यो स्वयं र सर्वदा प्रकाशमान तिम्रो आफ्नो वास्तव स्वरूप हो। यसरी चैतन्यको बाहिर पनि अनुभव संभव हुन्छ।

प्रश्न— यो दुइ प्रकारको अनुभवको भित्र भेद के हो ?

उत्तर— हृदयमा परमात्माको अनुभव ज्यादा सहज हो किन्तु बाहिर अधिकतर सूक्ष्म र प्रयत्न साध्य हो। उत्तम अधिकारीले सन्धिकालमा परमात्म-स्वरूपको अनुभव गर्न सक्छ। हृदय स्थित परमात्मलाई अनुभव गर्न अधिकतर सहज छ।

प्रश्न— यसमा कारण के हो ?

उत्तर— साक्षी चैतन्यलाई आफ्नो स्वरूप भनी अनुभव गर्नु सहज हो, किनकि त्यो चित्तवृत्तिको साक्षात् प्रकाशक हो। सबै मनुष्य मनको कुरालाई थाहा पाउनेवाला साक्षीलाई सजिलै सित जान्दछ। यसको



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

कारण यो हो कि साक्षी चैतन्य साभास चैतन्य हो-किन्तु सन्धिकालमा अवस्थित परमात्मा चैतन्य हो निराभास चैतन्य । निर्विषय चैतन्यलाई अनुभव गर्नु ज्यादा कठिन हो किन्तु विषय युक्त चैतन्यलाई अनुभव गर्नु सहज हो ।

यसमा रहस्य कुरा यो हो कि चैतन्य निर्विषय भएको हुनाले त्यसलाई अनुभव गर्नु अत्यन्त आवश्यक हो, केवल साभास चैतन्यलाई ( साक्षी चैतन्यलाई ) अनुभव गर्नुबाट परमात्म चेतन्यको अवबोध हुन सक्तैन । त्यसकारण अन्तराल अवस्थामा भासित निर्विषय चैतन्यलाई अनुभव गर्नको लागि मुमुक्षुबाट प्रयत्न हुनु अत्यन्त आवश्यक छ ।



oal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# सुषुप्तिलाई देख्नु

देख्नु भन्ने कुराको साधारण संज्ञा हो द्रष्टा पुरूषले भिन्न भिन्न रूपले दृश्यलाई देख्नु । यसप्रकार देख्नु हो चित्तको तीन प्रकार वृत्तिरूप । मैले प्रमाण पूर्वक प्रमेयलाई देखेकोछु । यसप्रकार देख्नु जाग्रत र स्वप्नमा सम्भव छ । यसमा चित्तको वृत्ति रहन्छ ।

तर सुषुप्ति भन्ने जाग्रत स्वप्न देखि पृथक एक अवस्था छु।

प्रश्न- त्यो सुषुप्ति कस्तो हो ?

उत्तर - त्यो यो हो कि जहां सुषुप्ति भन्ने कल्पना छैन त्यो हो सुषुप्ति । त्यसकारण सुषुप्ति हो चित्तको अभाव काल । अहिले प्रश्न यो हो कि त्यो अभाव काललाई कसरी जान्नु ? किनकि यदि त्यहां पनि जान्नेवाला मानिन्छ तब त्यो सुषुप्ति भनिकन सिध्द हुंदैन; किनकि जहां चित्त छैन त्यो हो सुषुप्ति । त्यसैले चित्तको अभावलाई चित्त पूर्वक जान्नु संभव छैन ।



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

यदि चित्तको अभाव सुषुप्ति मानिंदैन तब सुषुप्ति स्थिति पनि सिद्ध हुंदैन । यसको जवाफ यो हो कि सुषुप्ति अवस्था (सुषुप्ति स्थिति) हो स्वयं प्रकाश - सुषुप्ति स्थिति आफूबाट प्रकाशित भैराख्छ । त्यो हो सबैको वास्तव स्वरूप । आफ्नो वास्तव स्वरूप कसैको लागि अज्ञात हुन सक्तैन । आफ्नो सिद्धिको बारेमा कसैको शंका छैन । निर्धक्कसाथ सबैले आफूलाई सत् वस्तु भनिकन अनुभव गरिराखेका छन् ।

रहस्य कुरा यो हो कि आत्म स्वरूप सुषुप्ति हो स्वतः र सर्वदा सिद्ध । पहिले सुषुप्तिरूप आत्मस्वरूप सिद्धि हुन्छ त्यसपछि त्रिपुटिरूप व्यवहार सिद्ध हुनजान्छ । त्यसकारण अनुभवरूप सुषुप्तिलाई जान्नु अनुभव गर्नु हो आफ्नो सुषुप्ति स्वरूपको याद गर्नु र बुद्धिलाई अखण्डाकार गराइकन अनुभवस्वरूप सुषुप्तिलाई फेरी अनुभव गर्नु । पहिले आत्मस्वरूप (सुषुप्ति) स्वयं प्रकाशमान छ । तापनि त्यसलाई बुद्धिपूर्वक अनुभव गर्नु संभव हुन्छ । किनकि जब बुद्धि, वृत्ति रहित हुन्छ तब बुद्धि ब्रह्माकार बन्दछ र ब्रह्माकार वृत्ति द्वारा सुषुप्तिरूप ब्रह्म स्वरूपलाई अनुभव गर्नु (जान्नु) संभव छ ।





bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# आत्मालाई जान्नु

ज्ञेय वस्तु हो दुइ प्रकार– अनात्मा र आत्मा । अनात्म घटपटलाई जान्नु हो– जब घटसित आंखाको सयोग हुन्छ तब घटाकार अन्तःकरण वृत्ति उत्पन्न हुन्छ तब त्यो वृत्तिको सहाराले अन्तःकरणावच्छिन्न चैतन्यले घटलाई जान्दछ । यसको स्वरूप हो "यो हो घट" । त्यसपछि साक्षी चैतन्यले घट ज्ञानलाई प्रकाश गर्छ । यसरी घटज्ञान प्रत्यक्ष हुन्छ ।

किन्तु आत्मालाई जान्नु हो विलकूलै भिन्न कुरा; किनकि आत्मा वास्तवमा ज्ञेय वस्तु हैन । आत्मा हो ज्ञाता; किनकि साक्षी चैतन्यले सारालाई ( संपूर्ण अन्तः-करण वृत्तिहरूलाई ) प्रकाश गरिराखेको छ । त्यसकारण कसले कसरी आत्मालाई जान्ला ? त्यसकारण आत्मालाई जान्नु हो "सारा हो आत्म वस्तु' आत्मा देखि कुनै कुरा वास्तवमा भिन्न हैन" । यसरी जब सारा पदार्थ वास्तवमा



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

आत्मा हो भनी सिद्ध हुन्छ- यो हो आत्माजाई जान्नु तब जुन मैले आत्मालाई जान्न खोजेको थिएं त्यो पनि आत्मै सिद्ध हुन्छ। यसरी मुमुक्षु पुरुष जब आफूलाई आत्मा देखि अभिन्न हुँ भनी निश्चय गर्छ तब त्यो निश्चयको दृढताले आत्मा नै बनिइाल्छ। यसरी ज्ञानद्वारा जब मुमुक्षु पुरुष आफूलाई आत्मस्वरूप भनी अनुभव गर्दछ तब मुमुक्षु पुरुषलाई आत्माको ज्ञान भएको छ भनी शास्त्रमा कहिन्छ। यसरी आत्मालाई जान्नु हो "म हुं आत्मरूप" भनी यस प्रकार साक्षात् अनुभव गर्नु।



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# मनबाट सारा कल्पनाको त्याग

कल्पना त्यागको अर्थ हो- संपूर्ण त्रिपुटीको त्याग। संपूर्ण त्रिपुटीको त्यागको अर्थ हो- संपूर्ण भोग वासनाको त्याग। संपूर्ण भोग वासनाको त्यागको अर्थ हो- संपूर्ण भेद वासनाको त्याग। त्यसो भएको हुनाले संपूर्ण कल्पनाको त्यागको अर्थ हो- एक अद्वितीय शुद्ध आफ्नो सत् चित् सुख स्वरूपलाई सम्यक् अनुभव गर्नु। यो सम्यक् स्वरूपानुभवको अर्थ हो चित्त शुद्धि पूर्वक आफ्नो वास्तव स्वरूपको वारेमा मनन पूर्वक निर्विकल्प समाधि दशामा वास्तव स्वरूपको अनुभवको लागि निरन्तर प्रयत्न गर्नु। ध्यानको सफलताको लागि मनन आवश्यक हुन्छ र आत्म-स्वरूपको मनन आत्मस्वरूपको वारेमा सम्यक् अवधारण भए संभव हुन्छ। फेरी आत्म श्रवणको योग्यताको लागि चित्तशुद्धिको अत्यन्त आवश्यक हुन्छ किनकि निष्काम



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

कर्म संपादन बिना ईश्वरको प्राथमिक अनुग्रह रूप चित्तशुद्धि संभव हुंदैन ।

यसरी मनद्वारा सब कल्पनाको परित्याग हो चित्तशुद्धि, श्रवण, मनन, निदिध्यासन, सविकल्प समाधि, निर्विकल्प समाधि, उसको परित्याग, अन्त्यमा साक्षात्कार वृत्तिको उदय ।



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# इच्छा हो आत्मपद प्राप्तिमा प्रतिबन्ध

इच्छा शब्दको अर्थ पहिले बुझनु पर्छ । इच्छा हो जन्म जन्मान्तरमा चित्तमा बसिरहेको थुप्रो जो भोग वासना त्यसको उद्रेक मात्र । अर्थात् चित्तमा जन्मा भैराखेको जो भोग वासना हो, त्यो वेला वेलामा देशकाल निमित्त वसात् चित्तमा खडा भै हाल्छ । यसरी चित्तमा खडा भएको भोग वासनालाई इच्छा भनेको छ । त्यसकारण आत्मपद प्राप्तिको लागि सारा वासनालाई क्षय गर्नुपर्छ ।

इच्छा हो चित्तको वृत्तिमात्र । चित्तको विकार बाहेक इच्छा अरू कुनै चिज हैन । त्यसैले पदपदमा मनमा खडा भएको इष्ट पदार्थको प्राप्तिको लागि जो मनमा इच्छा खडा हुन्छ त्यसैको नाम हो चित्तको वृत्ति । यसप्रकार वृत्ति युक्त चित्तमा प्रमाता, प्रमाण र प्रमेय भन्ने जो त्रिपुटी खडा हुन्छ त्यो हो उत्पन्न भएको इच्छाको स्वरूप । त्यस-



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

कारण जब इच्छा खडा हुन्छ, त्रिपुटी उदित हुन्छ, तब त्यसको निरसन गर्नु पर्छ । इच्छाको निरसन हो चित्त वृत्तिलाई अभाव तुल्याउनु ।

यसप्रकार वृत्तिलाई अभाव तुल्याउनु हो समाधिको अभ्यासरूप । अर्थात् चित्तमा कुनै प्रकारका इच्छालाई खडा हुन नदिकन- आफू उठेको इच्छाको साक्षी रूपले स्थित नभैकन आफ्नो वास्तव चैतन्य रूपले स्थित रहनु पर्छ । अर्थात् म हुं शुद्ध चैतन्य ब्रह्म यसप्रकार अनुभव गरिराख्नु पर्छ । त्यसो भएको हुनाले क्रम क्रममा इच्छाको निवृत्ति सुभव हुन्छ । अरू प्रकारले इच्छाको निवृत्ति सभव छैन । यसरी निर्विकल्प समाधिको अभ्यास बढाए पछि चित्तमा इच्छाको अभाव अनुभवमा आउँछ । अर्थात् आफ्नो वास्तव निरिच्छित स्वरूपको अनुभव बढ्दै रहन्छ । यसैको परिणामले आत्मपद प्राप्ति संभव हुन्छ ।

आत्मपद प्राप्तिको इच्छाको स्वरूप के हो ? ब्रह्माकार वृत्तिको उत्पत्ति, त्यसकारण पदार्थको इच्छा परिहार गरिकन आफ्नो वास्तव सहज सिद्ध स्वरूपमा रहिदिनु । यसैको नाम हो ब्रह्माकार वृत्तिको अनुवृत्ति । यसैको परिपाकले आत्मपद प्राप्ति संभव हुन्छ ।

卐卐卐



oal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# अविद्यालङ्घनको उपाय

अविद्यालङ्घन हो बुद्धि सहित अविद्यालाई मिथ्या जानेर त्यसको प्रकाशक रूपले स्थित रहनु । बुद्धिको अर्थ हो कर्ता र भोक्ता भाव । मानिस कर्म गर्छ तज्जनित सुख भोगको लागि । कर्ता भाव हो विज्ञानमय कोष र भोक्ताभाव हो आनन्दमय कोष ( जुन कोषमा कर्म जनित सुख भोग गर्छ ) ।

दुइ कोषको संक्षेप प्रदर्शन पूर्वक अहिले अविद्यालाई लङ्घन गर्ने उपाय देखाइन्छ । अविद्या हो भोक्ताभाव । म सुख भोग गरिराखेको छु ( यो सुख हो मबाट गरिएको कर्मको फलरूप ) यस्तो भोक्ताभाव मबाट प्रकाशित भै राखेको छ, नभए भोक्ताभाव सिद्ध नहुने थियो । यसकारण भोक्ताभाव मेरो दृश्य भएको हुनाले म वास्तवमा भोक्ता हैन, म हुं भोक्ताको साक्षी ( सौषुप्त आनन्दमय भोक्ता



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

हो स्वाप्निक आनन्दमय ) त्यसो भएको हुनाले आनन्द-मयको अर्थ हो भोक्ताको साक्षी मेरो स्वरूप ।

अहिले मेरो वास्तव स्वरूपलाई प्राप्त गरे पछि आनन्दमयको उल्लङ्घन हुन्छ । भृगुले आफ्नो वास्तव आनन्द स्वरूपलाई पर्यालोचना गर्नु भएको थियो ।

प्रश्न— आनन्दमय को हो ?

उत्तर— भोक्ताको साक्षी ।

प्रश्न— भोक्ताको साक्षी को हो ?

उत्तर— जसमा भोक्ता भाव छैन, अर्थात् अविद्या विनिर्मुक्त शुद्ध चैतन्य । यसरी अविद्या विनिर्मुक्त शुद्ध वित् स्वरूपको (अखण्डाकार) वृत्तिद्वारा अनुभव सम्भव हुन्छ ।।

प्रश्न— यसको निस्कर्ष के हो ?

उत्तर— निस्कर्ष हो अविद्याको उल्लङ्घनरूप स्पष्ट रूपले अनुभूयमान आफ्नो वास्तव अविद्या विनिर्मुक्त चैतन्य स्वरूप ।

—卐—



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# भेदको अभाव हो मुक्तिको हेतु

भेद हो भिन्न भिन्न पदार्थमा सत्यता बुद्धि । जब नाना पदार्थमा सत्यता बुद्धि हुन्छ तब चित्तको नाना प्रकार वृत्ति उत्पन्न भै रहन्छ । विभिन्न वृत्तिहरूको उत्पत्ति हो भेदवासना जनित । भिन्न भिन्न पदार्थ छ भनिकन जहाँ सम्म वासना चित्तमा बसी रहन्छ वेला वेलामा चित्तमा नाना प्रकार वृत्ति उत्पन्न भै रहन्छ ।

चित्तवृत्तिको हेतुरूप जो भेद वासना हो त्यो हो शुद्ध चैतन्य र चित्तविशिष्ट चैतन्य (जीव) मा भेद बुद्धि । जब सम्म आफूलाई चित्त विशिष्ट भनी र आफू देखि भिन्न परमात्मालाई शुद्ध चैतन्य भनी भावना हुन्छ तब सम्म चित्त नाना प्रकारको वृत्ति युक्त भैहाल्छ । त्यसकारण जब अनात्माभिमान (भोक्ता भाव) परित्यक्त हुँदैन तब सम्म चित्त वृत्तियुक्त नै रहिरहन्छ; कदापि वृत्ति रहित



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

(अखण्डाकार) हुन सक्तैन । जब म वास्तवमा शुद्ध चैतन्य देखि भिन्न हैन (किनकि चित्तरूप उपाधि हो कल्पित), किन्तु परमात्मा देखि अभिन्न हुँ- तब बुद्धिको अभाव नभैकन बुद्धि अखण्डाकार भएर स्थित रहन्छ र त्यो वृत्तिद्वारा आफ्नो परमात्मा देखि अभिन्न चिन्मात्र स्वरूपको अनुभव हुन पाउँछ । यसरी अखण्डाकार वृत्तिको अनुवृत्ति- निर्विकल्प समाधिको परिपाक भए अन्तिम अखण्डाकार वृत्ति (साक्षात्कार वृत्ति) उदित हुन्छ । जीव परमात्म स्वरूप भै हाल्छ ।



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# सुख

bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

oal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# सुख र आनन्द

सुख हो साभास सात्विक चित्तवृत्तिरूप । चित्त वृत्ति उत्पत्ति र विनाशशिल भएको हुनाले त्यो सुख हो जन्य र विनश्वर त्यसकारण जस्तो ज्ञानीमा सुखको अभाव छ त्यस्तै दुःखको पनि अभाव छ ।

यसको कारण यो हो जन्य सुख र जन्य दुःख विपरीत देखिएतापनि वास्तव हो सजातीय, त्यसैले ज्ञानीमा जन्य सुख दुःख दुवैको आत्यन्तिक अभाव हुन्छ ।

तापनि ज्ञानीमा अखण्ड आनन्दको विशेष स्फूर्ति सर्वकालमा देखिन्छ । आनन्द हो ज्ञानीको निजी वास्तव स्वरूप । त्यसैले आनन्दलाई ब्रह्मानन्द भनिएको छ । ब्रह्मानन्द र अन्तःकरण वृत्तिरूप हो भिन्न भिन्न वस्तु । ब्रह्मानन्द हो तीनै कालमा अवाधित वस्तु । ब्रह्मानन्द हो स्वयं प्रकाश । ब्रह्मानन्द हो अखण्ड सुखरूप । त्यसकारण ज्ञानीमा



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

निरन्तर ब्रह्मानन्दको अभिव्यक्ति भै नै रहन्छ । यो ब्रह्मानन्द सुखरूप वस्तु हैन किन्तु आनन्दरूप हो ।

प्रश्न— आनन्द यदि सुख पनि हैन र दुःख पनि हैन तव त्यो के हो ?

उत्तर— जब आगन्तुक र आगमापायी चित्त वृत्तिरूप सुख दुःखको अभाव हुन्छ जस्तो ( सुषुप्ति कालमा किम्वा समाधि कालमा ) तव त्यो अभावको अवधि र अधिष्ठान रुपले जो स्वयं प्रकाशमान वस्तु परिशिष्ट रहन्छ त्यसैको नाम हो आनन्द । यसरी ज्ञानीमा आनन्दको अभिव्यक्ति हुनु हो युक्ति युक्त ।



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# विषय सुखको अनुभवको निरूपण

पहिले ईष्ट वस्तुको अप्राप्ति स्थिति देखाइन्छ— विषयको इच्छा पूर्ण नभएको हुनाले चित्त चञ्चल रहन्छ र त्यो साभास चञ्चल चित्तमा सात्विक, राजसिक, तामसिकरूप तीन विभाग पाइन्छ । यी तीन विभागको स्वरुप हो "म विषयको अप्राप्तिले दुःखलाई अनुभव गरिरहेको छु ।

ईष्ट वस्तुको प्राप्ति क्षणमा चित्त एकक्षणको लागि अचल बनिहाल्छ र त्यो अचल अन्तःकरणमा प्रत्येक चैतन्य प्रतिविम्बित हुन्छ । ख्याल राख्नु जब चित्त अचल हुन्छ तब त्यसमा आत्मसुख प्रतिविम्बित हुन्छ, यो साभास अचल चित्त तीन प्रकारले विभक्त हुन्छ । "म सुखी छु" यसरी आत्म सुख अचल अन्तःकरणको त्रिपुटी पूर्वक अनुभव भै रहन्छ ।

जब विवेकद्वारा चित्त निश्चलीकृत हुन्छ तब साभास चित्तमा प्रत्येक चैतन्य प्रतिविम्बित हुन्छ र त्यसमा त्रिपुटी पूर्वक अनुभव हुन्छ— "म सुख स्वरूप ब्रह्म हुँ" । यसरी ब्रह्मानन्दको विश्चल चित्तमा अनुभव हुन्छ ।



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# निद्रा सुख

विषय सुख जस्तो राजसिक सुख हो निद्रासुख त्यस्तै तामसिक सुख हो। यसको कारण यो हो कि निद्रा दशामा चित्त तमोरुप अविद्यामा विलीन भएर स्थित हुन्छ र त्यस-वेला साभास अविद्याको भोक्ता आदि तीन प्रकारका वृत्ति उत्पन्न हुन्छन्। साक्षी चैतन्यको छायाबाट यो भोक्ता आदि तीन प्रकारका वृत्ति उत्पन्न हुन्छन्। यी तीन प्रकारका वृत्ति हुन् साभास अविद्याको तीन प्रकारको परिणाम। यसरी भोक्ता पुरुषले प्रतिबिम्बित ब्रह्मानन्दलाई अविद्या वृत्ति-द्वारा भोग गर्दछ। त्यसकारण निद्राकालमा अविद्याको साक्षी आकार (भोक्ता)' सुखाकार (ब्रह्मानन्दको अनुसार) र अज्ञानाकार (म केही पनि जान्दिन) भनी कहिएको छ।

卐卐卐



oal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# तूष्णीं सुख

तूष्णीं सुख हो तूष्णीकालमा अनुभूत ( अविद्यामा प्रतिविम्बित ) साक्षी चैतन्य । तूष्णी अवस्था र परिस्फूटको अभाव जब अहंकार स्पष्टरूपले विद्यमान छैन ( जस्तो सुषुप्ति र जाग्रत अवस्थाको सन्धिकालमा देखिन्छ ) । सुषुप्ति अवस्थामा ब्रह्म विद्यमान रहन्छ । जाग्रत्मा अहंकार (प्रमाता) विद्यमान छ । किन्तु दुइ अवस्थाको बीचमा सन्धि कालमा अहंकार प्रकट हुन नपाए पनि अप्रकटरूपले स्थित रहन्छ । अर्थात् अहंकार अविद्यामा विलीन भएर बस्त छ र त्यो अविद्यामा साक्षी चैतन्य प्रतिविम्बित हुन्छ र अहंकारले आत्म सुखलाई अनुभव गर्दछ ( अविद्याको वृत्तिद्वारा ) । सार कुरा यो हो कि अस्पष्ट अहंकारले- अविद्यामा बिलीन भएर स्थित अहंकारले- प्रतिविम्बित ब्रह्मलाई भोग गर्दछ । प्रतिविम्बित ब्रह्मानन्द हो वासनानन्द । त्यसकारण चूपचाप अवस्थामा अस्पष्ट अहंकारले ( मैले ) सुषुप्ति र जाग्रत्को सन्धिकालमा प्रतिविम्बित आत्मसुखलाई अविद्या वृत्तिद्वारा भोग गर्छु । यो हो तूष्णीं सुख ।

bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

# समाधि सुख (सात्विक सुख)

विषयसुख (राजसिक), निद्रासुख (तामसिक) तृष्णीं सुख (वासनानन्द) को विवेचनाको अनन्तर समाधि सुखको विवेचना गरिन्छ। समाधि सुख हो सात्विक चित्त वृत्ति जन्य आत्म सुखको अनुभव। आत्मा हो सुखरुप र समाधिकालमा आत्माकार (ध्ययाकार) वृत्ति जब खडा हुन्छ तब त्यो शान्त चित्तमा सुखरुप आत्मा (साक्षी चैतन्य) प्रतिविम्वित हुन्छ— किनकि जब आत्म चिन्तन व्यतिरिक्त अरू चिन्तन हुन पाउंदैन तब त्यो शान्त अन्तःकरण द्वारा प्रतिविम्वित भैकन समाधिस्थ पुरुषलाई प्रतिविम्वित आत्म सुखको अनुभव गराउँछ। यसैको नाम हो— **सम्माधि सुख**।

अत्माकार वृत्ति हो साभास अन्तःकरणको सात्विक चित्तवृत्ति। त्यसमा सुख स्वरुप आत्मा प्रतिविम्वित हुन्छ। त्यो प्रतिविम्वित सुखलाई सुखाकार वृत्तिद्वारा समाधिस्थ



bal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

पुरुषले अनुभव गर्दछ । यसमा कारण यो हो कि जब विषय चिन्तन हुंदैन किन्तु आत्माको चिन्तन स्वतः भै रहन्छ तब त्यो आत्माकार वृत्ति साक्षीको प्रत्यक्ष हुन्छ । तब, त्यसकारण साक्षी ( मैले ) त्यसकालमा सुखाकार वृत्तिद्वारा सुख स्वरुप आत्माको प्रतिविम्ब ( सुख ) लाई म भोग गर्दछु । म प्रतिविम्बित सुखलाई ग्रहण गर्दछु । यो कुरा मैले (साक्षीले) जान्दछु । यसरी जब मानिस समाधिस्थ हुन्छ, जब उसको चित्त शान्त ( सात्विक वृत्तियुक्त ) हुन्छ, तब त्यो समाधिस्थ शान्त चित्तमा सुख स्वरुप आत्मा स्वतः प्रतिविम्बित हुन्छ । यो प्रतिविम्बनलाई ( प्रतिविम्बित सुखलाई ) अनुभव गरी राखेकोछु । यसप्रकार साभास सात्विक अन्तःकरणको त्रिविध कामलाई ( त्रिपुटीलाई ) मैले साक्षी भएर खास जानी राखेको छु । यसरी साक्षी मबाट प्रत्यक्षीकृत समाधिस्थ मबाट अनुभूत आत्म सुखलाई समाधि सुख भनिएकोछ ।

यो समाधि सुख हो अत्यन्त उत्कृष्ट जन्य सुख । यो सुखलाई प्राप्त गर्नु अत्यन्त सहज पनि हो जब मैले कुनै प्रकार विषय चिन्तन गर्दिन ( एकक्षण मैले केही कुरा नचिताएर स्थित छु ) तब मैले केवल सुखलाई आफ्नो स्वरुपभूत आनन्दको शान्त चित्तमा प्रतिविम्बित भै राखेकोलाई अनुभव ( सुखको आस्वादन, रसास्वाद ) गरिराखेको छु । यो रसास्वाद साक्षी मबाट नै प्रकाशित भै राख्छ ।





bal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

# आत्म सुख

समाधि सुख हो जन्य सुख । आत्म सुख हो अजन्य तर त्यो आत्म सुख जहाँसम्म अप्राप्त ( सम्यक् रुपले अननुभूत ) रहन्छ । त्यहाँ सम्म आत्म सुखको प्राप्ति ( उपलब्धि ) हुन सक्दैन ।

त्यसैले आत्म सुख प्राप्तिको लागि सुख स्वरूप ब्रह्मात्म वस्तुको प्रशान्त★ अन्तःकरण द्वारा अनुभव गरी रहनु पर्छ । यो अनुभव परंपराको उद्देश्य हो सदाप्राप्त अजन्य आत्म सुखको दृढ अप्राप्तिको निवारण गर्नाको लागि । जति जति अखण्डाकार चित्तद्वारा निर्विकल्प समाधिमा सुख स्वरुप आत्माको प्रत्यक रुपले अनुभूत भै रहन्छ त्यति त्यति आत्म सुखको अप्राप्तिको संस्कार पूर्वक अनुभवको शिथिलता हुँदैजान्छ । आत्म सुख हो अजन्य

---

★ ब्रह्मरूप अन्तःकरण



pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

र मेरो वास्तव स्वरुप, यसप्रकार नियमित दीर्घकालिन अनुभव परंपरा चलिराखे पनि मुमुक्षुको विपरीत भावनाको विनश्वर हुँदै जान्छ र अन्त्यमा विपरीत भावनाको हेतु मनको विनाश भएपछि आत्मसुख फेरी प्राप्त हुन्छ। त्यसैले दीर्घकाल निर्विकल्प समाधिको परिपाक भए पछि मात्र अजन्य आत्मसुख मुमुक्षुलाई सदाकालको लागि प्राप्त हुन सक्छ।

विषय सुख देखि सुरु गरिकन समाधि सुखको भिन्न भिन्न प्रकार यो हो– भिन्न भिन्न प्रकारको सुखको अनुभवको साधन हो चित्तको किम्वा अविद्याको वृत्ति। किन्तु आत्म सुखलाई प्राप्त गर्नुको साधन हो केवल ब्रह्माकार वृत्ति। ब्रह्माकार वृत्ति हो चित्तको अचित्तभाव, चित्तको सर्वप्रकार वृत्ति राहित्य। जब चित्त वृत्ति राहित्य हुन्छ, जब साक्षी विद्यमान रहँदैन, किन्तु विलीन भै हाल्छ, तब चित्त ब्रह्मरुपले अवस्थित हुन्छ। चित्तको ब्रह्मरुपले विद्यमानता हो ब्रह्माकार वृत्ति। ब्रह्माकार वृत्ति साक्षी भाष्य रहदैन किन्तु स्वयं प्रकाश हो। यसरी निर्विकल्प समाधिको परिपाक वशात् जब ब्रह्माकार वृत्तिको पनि भंग हुन्छ, तब अजन्य आत्म सुखको प्राप्ती हुन्छ। आत्म सुखको प्राप्ति हो सुखरुप आत्मा वनिहाल्नु। यो हो निरतिशय सुख प्राप्ति किम्वा ब्रह्मनिष्ठ।



bal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

(a)

# वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

al Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

E322

AUTHOR चक्रवर्ती द्विजेन्द्रचन्द्र

TITLE वाल्मीकि विज्ञान

NQ21.226
CHA
2030

E322

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

al Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Fundin

साधु सेवक, आस्तिक एवं पूण्यात्मा

स्वर्गीय पतिदेव

शिवलालज्यू

को

पूण्य स्मृतिमा

नेपालको एकमात्र विचारप्रधान आध्यात्मिक प्रतिष्ठान

अद्वैत संस्था, नेपाल

लाई

भक्तिपूर्वक

समर्पण

— लक्ष्मी देवी, रिडी।

NQ2
C
203

मुद्रक : भारती प्रेस नारायणगढ़ चितवन (नेपाल)

al Sanskrit University, Balmeeki Campus, Kathma